गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
बागमती प्रदेश, नेपाल

मिति : २०७९/०४/०१

# सामाजिक सुरक्षा भत्ता नाम/परिचयपत्र नविकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

प्रस्तुत विषयमा यस गजुरी गाउँपालिकामा स्थायी बसोबास गरि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको आ.व. ०७९/८० को श्रावन महिनाको ०१ गते देखी भाद्र मसान्त सम्ममा अनिवार्य नाम तथा परिचयपत्र नवीकरण गर्नु पर्ने हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त सम्पुर्ण लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा देहायका कागजातहरु सहित (अनुसुचि ४ दफा ७ को उपदफा १ सँग सम्बन्धित नाम नवीकरणको लागि दिने दर्खास्त ढाँचा) निवेदन दिनुहुन सबैमा जानकारीको लागि अनुरोध गरिन्छ । तथापि कुनै कारण बस आफ्नो सामाजिक सुरक्षा भत्ता नवीकरण निवेदन समयमै वडा कार्यालयमा नदिएमा वा नआएमा / लाभग्राहीको आफ्नो कारण छुटेमा लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुँदा यसको सम्पुर्ण जिम्मेवार स्वयंम लाभग्राही आफै हुनुपर्ने छ।

**नाम नवीकरण फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु ;**

१) सामाजिक सुरक्षा भत्ता नाम नविकरण गर्न स्वयंम लाभग्राही आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन दिनुपर्ने छ । (नवीकरणको लागि वडा कार्यालयमा निवेदन दिने समय साउन १ देखी भाद्र मसान्त सम्म )

२) बालबालिका,अशक्त तथा अपाङ्गको हकमा निजको संरक्षक (बैंकमा हकवाला समेत रहेको हुनुपर्ने) ले नवीकरणको दरखास्त दिन पाउने छन ।

३) आ.व. ०७९/०८० को श्रावन १ गते पश्चात दर्ता भएका र श्रावन १ गते देखी लागु गरी दर्ता भएका लाभग्राहीको नवीकरण गर्नुपर्ने छैन ।

४) लाभग्राही अशक्त रहेको र उसको नवीकरणको लागि वडामा कोही आउन नसकेको हकमा वडा कार्यालयको सिफारिस बमोजिम नवीकरण गर्न सकिने छ । (लाभग्राहीको सम्पुर्ण गतिविधि अनिवार्य खुलाउनु पर्ने छ ।

२०७९/०४/०१
ध्रुब प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

नवीकरणको लागि आवश्यक कागजातहरु (लाभग्राहीहरुको हकमा)

**१.जेष्ठ नागरिक ७० माथी र जेष्ठ नागरिक दलितको हकमा**

क) नागरिकताको फोटोकपी १ प्रति

ख) हालसालै खिचेको फोटो-१ प्रति

ग) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो - १

**२) जेष्ठ नागरिक एकल महिलाको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि -१ प्रति

ख) हालसालै खिचेको फोटो- १ प्रति

ग) पतिको मृत्यु दर्ता वा अबिबाहित प्रमाणित प्रतिलिपी (पुरानोको हकमा)- १

**३) विधवाको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि - १ प्रति

ख) हालसालै खिचेको फोटो- १ प्रति

ग) पतिको मृत्यु दर्ता अर्को विवाह नगरेको प्रमाणित प्रतिलिपी (पुरानो लाभग्राहीको हकमा)-१

**४) पुर्ण अपाङता र अति अशक्तको अपाङ्गको हकमा**

क) लाभग्राहीको नागरिकताको फोटोकपि -१ प्रति

ख) हालसालै खिचेको फोटो- १ प्रति

ग) रातो वा निलो कार्डको प्रतिलिपी - १

घ) हकवाला वा संरक्षक राखेको हकमा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो - १

**(५) दलित वालवालिको हकमा**

क) जन्म दर्ताको प्रतिलिपी - १

ख) हालसालै खिचेको फोटो- १ प्रति

ग) हकवाला वा संरक्षकको नागरिकताको फोटोकपि १ प्रति र हालसालै खिचेको फोटो-१

सुस्मिता अधिकारी
एम.आइ.एस अपरेटर

२०८१/०४/०१
ध्रुब प्रसाद सापकोटा
प्रमुख प्रशासकिय अधिकृत
**ध्रुब प्रसाद सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**